"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा

स्थापना: २०७३

पत्र संख्या: २०८२/८३

चलानी नः

कोशी प्रदेश, नेपाल

कोशी प्रदेश पर्यटन वर्ष २०८२

## आन्तरिक आय संकलनको सूचना!

प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२९

चैनपुर नगरपालिका अन्तर्गत आन्तरिक आय संकलनको लागी आ.व.२०८३/८४ असार मसान्त सम्मको लागि तपशिल बमोजिमको आन्तरिक आयहरु संकलनको ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, संस्थाहरुले तपशिल बमोजिमको सर्त बन्देजको अधिनमा रहि ७ दिन (सात दिन) भित्र छुट्टाछुट्टै गोप्य शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

| क्र.स | ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधी | न्यूनतम बार्षिक ठेक्का अंक रु. | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम समय | शिलबन्दी दरभाउपत्र फारम खोलिने अन्तिम समय |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०८३/८४ | साप्ताहिक शुक्रबारे हटिया चैनपुर-६, चैनपुर। | १ बर्ष | ७५,०००।- | सूचना प्रकाशित भएको मितिले ७ औ दिन। | शिलबन्दी दरभाउपत्र फारम बुझाउने अन्तिम दिनको भोलिपल्ट दिनको ठिक २:०० बजे। |
| २ | ०२/२०८३/८४ | साप्तहिक मंगलबारे हटिया-१०, खराङ । | १ बर्ष | ५,०००।- | | |
| ३ | ०३/२०८३/८४ | मंगलबारे र शुक्रबारे हटिया चैनपुर-५, चैनपुर। | १ बर्ष | ५,०००।- | | |
| ४ | ०४/२०८३/८४ | कवाडीजन्य सामग्रीहरु संकलन तथा निकासी। | १ बर्ष | १,७५,०००।- | | |

१. शिलबन्दी दरभाउपत्र फारम रु.१०००। बुझाई चैनपुर नगरपालिकाको राजश्व शाखाबाट प्राप्त हुनेछ। शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले यस सूचनामा तोकिएको समय र मिति भित्र यस कार्यालयमा पेश गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र साथ जमानत बापत कबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैक लिमिटेडमा रहेको धरौटी खाता च.हि.न.२०३०१००३०३००००२ मा जम्मा गरेको भौचर संलग्न राखी पेश गर्नुपर्नेछ।

३. शिलबन्धी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसमा भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ।

४. छुट्टाछुट्टै विषयको शिलवन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै खामको बाहिर ठेक्काको बिषय खोलि यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Website: www.chainpurmun.gov.np , email: chainpurmun@gmail.com, Phone: 029-570049, 9852077111

"कृषि पर्यटन र ब्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, सङ्खुवासभा
स्थापना: २०७३

पत्र संख्याः २०८२/८३
चलानी नः

कोशी प्रदेश, नेपाल

कोशी प्रदेश
पर्यटन वर्ष २०८०

५. रितपुर्वक दाखिला भएको शिलबन्धी दरभाउपत्रहरु तोकिएको मिति र समयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा चैनपुर नगरपालिका नगरकार्यापालिको कार्यालयमा नियम अनुसार खोलिनेछ। तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

७. शिलबन्धी दरभाउपत्र साथ दरभाउपत्र दाताले नेपाली नागरिकताको प्रतिलिपिको अनिवार्य संलग्न गर्नुपर्नेछ। संस्थाको हकमा दर्ताको प्रमाण पत्रको प्रतिलिपि, नविकरण गरेको प्रतिलिपि, कर कार्यालयमा दर्ता भएको प्रतिलिपि, नियम अनुसारको कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गरेको हुनुपर्नेछ।

८. ठेक्का स्विकृत भएको जानकारी पाएको मितिले ७ दिन भित्र नियमानुसार सम्झौता गर्न उपस्थित हुनुपर्ने छ अन्यथा धरौटी जफत गरी प्रचलित नियम अनुसार हुनेछ।

९. आफुले कवोल गरेको वार्षिक अंक रकम एकमुष्ट बुझाए सम्झौता गरेमा १० प्रतिशत छुट दिईनेछ।

१०. कवोल गरेको सम्पूर्ण रकम अग्रिम एकमुष्ट नबुझाएको अवस्थामा सम्पूर्ण कवोल गरेको ठेक्का रकमलाई बार्षिक रुपमा दुई किस्तामा विभाजन गरिने र पहिले किस्ता रकम सम्झौता भएको बखत बुझाउनु पर्नेछ। र बैङ्क ग्यारेन्टी सहित दोस्रो किस्ता तथा अन्तिम किस्ता रकम २०८३ चैत्र मसान्त सम्ममा बुझाउनु पर्नेछ। तोकिएको अवधि भित्र किस्ता नबुझाएमा सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

११. ठेकेदारले आय संकलनका लागि लिएको ठेक्का नगरपालिकाले तोकेको स्विकृत दर भन्दा बढी लिन पाईने छैन। बढी लिईएमा वा लिएको ठहरिएमा ठेकेदारलाई कानून बमोजिम जरिवाना असुल गरिने छ साथै आवश्यक देखिएमा ठेक्का सम्झौता खारेज गर्न सकिने छ।

१२. ठेक्का संचालन गर्दा नगरपालिकालाई कुनै किसिमको हानि नोक्सानी पुर्याएमा सोको हर्जना असुल उपर गर्नुका साथै ठेकेदार लाई आवश्यक कारवाही गरिनेछ।

१३. ठेकेदारले कुनै कारण देखाई ठेक्का रकममा मिनाहा, छुट, हर्जना सहुलियत माग गर्न पाउने छैन।

१४. कर, शुल्क, दस्तुर असूल गर्न प्रयोजनका लागी नगर कार्यपालिका कार्यालयले तोकेको ढाचा र छाँपिएको दररेट भएको रसिद ठेकेदारले आफ्नो तर्फबाट छपाँई नगरपालिकामा अभिलेख गराई छाँप लगाएर मात्र प्रयोग गर्न पाईनेछ।

१५. कुनैपनि चिठ्ठी, टेलिफोन, फ्याक्सबाट आएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिईने छैन।

१६. यस ठेक्का सम्बन्धमा कुनै किसिमको विबाद उत्पन्न भएमा नगर कार्यपालिका कार्यालयको निर्णय अन्तिम हुने र दुवै पक्षलाई मान्य हुनेछ।

१७. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृति गर्ने सर्वाधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१८. नेपाल सरकार, प्रदेश सरकार, यस नगरपालिकाको आदेश निर्देशन, निर्णयको ठेकेदारले अक्षरस पालना गर्नुपर्नेछ।

१९. यस सूचनामा उल्लेख भएको शर्त यसै बमोजिम र नभएको कुराहरुको हकमा प्रचलित ऐन,कानुन बमोजिम हुनेछ।

२०. अन्य जानकारीको लागी चैनपुर नगरपालिका नगरकार्यपालिको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत

Website: www.chainpurmun.gov.np , email: chainpurmun@gmail.com, Phone: 029-570049, 9852077111